भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल बाहिर मुद्रा निकासी वा पैठारी गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाली र भारतीय नागरिकहरुले नेपालबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीका नेपाली सिक्का बाहेक अन्य नेपाली र भारतीय सिक्का करेन्सी नोट र बैक नोट असिमित मात्रामा लैजान वा पठाउन सक्नेछन् ।

तर कसैले पनि सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडी चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र १००० दरका नोटको कारोबार गर्न र भारतमा चलनचल्तीमा रहेका भारतीय रुपैयाँ २००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन ।

(ख) विदेशी विनिमय सटही कारोबार गर्ने इजाजत प्राप्त व्यक्तिबाट कानून बमोजिम प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा नेपालबाट बाहिर लैजान वा पठाउन पाइनेछ ।

तर नेपाली मुद्राको हकमा नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभन्दा बढी र भारतीय मुद्राको हकमा भारत बाहेक अन्य मुलुकमा लैजान वा पठाउन पाइने छैन ।

(ग) विदेशी नागरिकको हकमा नेपाल राष्ट्र बैंकले तोकी दिएको सीमाभन्दा बढी विदेशी मुद्रा लैजान वा पठाउन परेमा त्यस्ता व्यक्तिहरुले नेपाल प्रवेश गर्दा आफूसँग ल्याएको नगद विदेशी मुद्राको हकमा त्यस्तो विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा र प्रमाणित गरेको हुनु पर्नेछ ।

(घ) कसैले यस सूचनाको बर्खिलाप काम कारवाही गरेमा रकम जफत हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

नेपाल राजपत्र भाग ५ खण्ड ६४ अतिरिक्ताङ्क २९ मिति २०७१।१०।१५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
लाल शंकर घिमिरे
नेपाल सरकारको सचिव